२०.गाउँपालिकाको प्रत्येक वडामा सडक सुविधा पुर्याउने नीतिलाइ कार्यान्वयन गरिएको र त्यस्ता सडकलाइ स्तरोन्नती गर्दै लगिएको अवस्था छ ।

२१.कृषि र पशु विकास क्षेत्रलाई आधुनिक प्रविधिमैत्री, व्यवसायिक तथा रोजगारमूलक बनाई यस क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न हेफर ईन्टरनेशनल प्रोजेक्टसंग साझेदारी गरी विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

२२.शिक्षालाई गुणस्तरीय र प्रतिस्प्रधी बनाउन र समग्र शैक्षिक अवस्थालाइ प्रतिविम्वित गर्न शिक्षा पार्श्वचित्र बनाईएको र गाउँपालिकाको शिक्षा योजनाको व्यवस्था गरिएको छ ।साथै समावेशी शिक्षा नीतिलाइ कार्यान्वयन गर्न श्री कृष्ण मा.वि घर्तीगाउँमा अपाङ्ग विशेष कक्षा सञ्चालनमा ल्याइएको र विपन्न र टुहुरा बालबालिकालाई शिक्षा प्राप्त गर्ने हकबाट बञ्चित हुन नदिन २ नं. वडाले त्यस्ता बालबालिकाका लागि शैक्षिक भत्ताको व्यवस्था गरेकोछ ।

२३.विद्यालयहरुमा भौतिक संरचनाको अभावका कारण पठनपाठनमा रहेको समस्यालाइ सम्बोधन गरी राष्ट्रपति शैक्षिक सुधार अन्तर्गत ६ वटै वडामा ४ कोठे र २ कोठे भवन निर्माण गरिएका छन् ।

२४.भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोबासीहरुको लगत संकलन गरी सिस्टममा प्रविष्ट गरिएको छ ।

२५.सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत फुसको छानो प्रतिस्थापन गर्ने काम भएको छ ।

२६.विकास निर्माणमा जनताको सहभगिता गुणस्तरीय र दिगो विकासको कल्पना गरी सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्यांकन पद्धति अवलम्बन गरी जनस्वामित्व र अपनत्व अभिवृद्धि गर्ने प्रयास भएको छ ।

२७.नेपाल सरकारबाट घोषणा गरिएका अभियानलाइ माडी गाउँपालिकाले आफ्नै अभियानको रुपमा सञ्चालन गरी पूर्ण खोप सुनिश्चितता, पूर्ण सरसफाई जस्ता अभियानलाइ प्राथमिकता दिइएको छ ।जसमा वडा नं. ६ लाई पूर्ण सरसफाइ उन्मुख वडा घोषणा गरिएको र वडा नं. २ को ३ वटा टोल, वडा नं. ५ का २ वटा टोल र वडा नं. ४ को १ वटा टोललाइ पूर्ण सरसफाइ उन्मुख घोषणा गरिएका छन् ।साथै समाजमा अझैंपनि बाँकी रहेका जातीय भेदभाव र छुवाछुतको अन्त्य गर्ने उद्देश्यले ५ नं वडालाइ छुवाछुत मुक्त वडा घोषणा गरिएको छ ।

२८.नागरिकको आधारभूत स्वास्थ्य सेवामाथिको सहज र सरल पहुँच सुनिश्चित गर्न १५ शैयाको अस्पताल निर्माण कार्य अगाडी बढाइएको छ साथै स्वास्थ्य सेवालाइ वडा स्तरमा विस्तार गरि सहज ढंगले सञ्चालन गर्न वडा नं. ५ मा अपुरो स्वास्थ्य भवन निर्माण गरिएको छ । वडा नं २ को व्याङ्खोलामा सामुदायिक स्वास्थ्य ईकाइ केन्द्र सञ्चालनमा ल्याइ आवश्यक जनशक्तिको व्यवस्था गरिएको छ ।

२९.नागरिकका दृष्टि सम्बन्धि विविध समस्याहरुलाइ दृष्टिगत गरी घर्तीगाउँ बजारमा शहरी आँखा क्लिनिक सञ्चालनमा ल्याइएको छ ।साथै विभिन्न शिविरबाट छनौट भएका आँखाका विरामीहरुलाइ घर्तीगाउँ स्वास्थ्य चौकीमा विशेषज्ञ डाक्टर सहितको आँखा शिविर तथा अन्य विशेषज्ञ शिविरहरु सञ्चचालन गरिएको छ ।

३०.स्वास्थ्यका लागि खेलकुद,राष्ट्रका लागि खेलकुद भन्ने मुल मन्त्रलाई आत्मसाथ गर्दै गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड सञ्चालन गरी सबै तहका विद्यालयहरुमा खेलकुदको विकास गरिनुका साथै १४ वटा विद्यालयमा खेलकुद प्रशिक्षकको व्यवस्था गरिएको छ ।

३१.करका दर र दायरा तथा नयाँ क्षेत्रको पहिचान र विकास गर्दै गाउँपालिकालाइ आन्तिरक आयमा सबल बनाउँदै लैजान पहलकदमी लिइएको छ ।

३२.बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत कुपोषणमा परेका सुनौला हजार दिनका आमा तथा शिशु हरुलाइ पोषण कार्यक्रम सञ्चालन गरिएको छ ।

३३.मालपोतमा हुने जग्गा व्यवस्थापन सम्वन्धि लिखत कार्यलाइ सहज र सरल बनाउन आवश्यक जनशक्ति सहितको भू - सेवा सञ्चालनमा ल्याइएको छ ।

३४.नेपाल सरकारले वैशाख १ गतेदेखी वैदेशिक रोजगारीका लागि सवै प्रकारका श्रम स्वीकृतिको आवेदन स्थानीय तहबाट भर्न सकिने व्यवस्था गरे अनुसार पालिकाको रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृति दिन शुरु गरिएको छ ।

